सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

## कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र

## सुन्दरपुर, कंचनपुर

प.सं.:२०८२।०८३
च.नं : ४६

मिति: २०८२/०७/०२

श्री जिल्ला हुलाक कार्यालय, महेन्द्रनगर, कंचनपुर ।

विषयः विवरण पठाइएको बारे ।

उपरोक्त सम्वन्धमा यस कार्यालयको आ.व. २०८२/०८३ को श्रावण १ गते देखि असोज मसान्त सम्मको सूचना हक सम्वन्धि ऐन २०६४ को दफा (५) (३) र सुचनाको हक सम्वन्धि नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण यसै पत्र साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

सरिता कुमारी पन्त (भट्ट)
कृ.व्य.प्र.स. तथा तालिम केन्द्र

बोधार्थः
१. श्री राष्ट्रिय सुचना आयोग, त्रिपुरेश्वर, काठमाडौं ।
२. जिल्ला प्रशासन कार्यालय, महेन्द्रनगर, कंचनपुर ।

सुचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ (३ ) र सुचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८२ श्रावण १ देखि २०८२ असोज मसान्त सम्म

सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

सुदुरपश्चिम प्रदेश सरकार
भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र**
सुन्दरपुर,कंचनपुर

स्वत :प्रकाशन

(Proactive Disclosure)

नेपाल को संविधानको धारा २७ तथा सुचनाको हक सम्बधि ऐन,२०६४ को दफा ५ र सुचनाको हक सम्बन्धि नियमावली,२०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ । सुदुरपश्चिम प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुर ,कंचनपुरबाट भए गरेका काम कारवाहीहरुको यथार्थ जानकारी आम नागरिकमा पुगोस् भन्ने हेतुले यस कार्यालय बाट २०८२ श्रावण देखि २०८२ असोज मसान्त सम्म सम्पन्न भएका क्रियाकलापहरुको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

..................

मितिः२०८२/०७/२

कृ.व्य.प्र.स.ता.के. सुन्दरपुर,कंचनपुर

## १. ऐतिहासिक पृष्ठभूमी

सुदूरपश्चिम प्रदेश अन्तरगत रहेका ९ वटा जिल्लाका कृषक, कृषि प्राविधिक तथा कृषि पेशासँग सरोकार राख्ने व्यक्तिहरुको ज्ञान, धारणा र सीपमा सकारात्मक परिवर्तन ल्याउन सहज वातावरणको निर्माण होस् भन्ने उद्देश्य अनुरुप तत्कालीन श्री ५ को सरकारको मिति २०६०/०४/२९ को निर्णय बमोजिम भैरहवामा रहेको क्षेत्रिय कृषि तालिम केन्द्रलाई कृषि पाइलट फार्म सुन्दरपुर, कञ्चनपुरमा स्थानान्तरण गरिएको थियो । क्षेत्रीय कृषि तालिम केन्द्र (साविक) र हाल कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुर, कञ्चनपुर, जिल्लाको सदरमुकाम महेन्द्रनगर देखि पूर्व बेदकोट नगरपालिकाको लालपुरसम्म ५ कि.मि. राजमार्गमा र महेन्द्रराजमार्गको लालपुरदेखि ३ कि.मि. दक्षिण (नहरको किनार पक्की बाटो भएको) बेदकोट नगरपालिका वा.नं. ९ को सुन्दरपुरगाँउमा अवस्थित छ ।

साविक क्षेत्रीय कृषि तालिम केन्द्र र हाल कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुरलेमुख्यतया विगतको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको रुपमा रहेको र हाल सुदूरपश्चिम प्रदेशका दुई अञ्चल सेती (कैलाली, डोटी, अछाम, बझाङ, बाजुरा) र महाकाली (कञ्चनपुर, डडेल्धुरा, बैतडी, दार्चुला) का ९ वटा जिल्लाहरु र आवश्यकता अनुसार अन्य क्षेत्रका जिल्लाहरुकालागि समेत कृषि विषयवस्तुमा तालिम प्रदायक संस्थाका रुपमा सेवा पुर्याउदै आइरहेको छ ।

यो तालिम केन्द्र रहेको परिसरको कुल २३.८ हेक्टर क्षेत्रफल मध्ये ८.८ हेक्टरमा कार्यालय भवन आवास, सडक, थ्रेसिंगफ्लोर, ग्यारेज तथा गोदाम घर का साथै बीउ बिजन प्रयोगशाला, माटो तथा मल परिक्षण प्रयोगशाला, बाली संरक्षण प्रयोगशालाका साथै कृषि बिकास फार्मका भवनहरु रहेका छन् भने खेतियोग्य १५ हेक्टर क्षेत्रफलमा हाल कृषि विकास फर्मले बीउ उत्पादनको कार्यक्रम सञ्चालन गरिरहेको छ ।

यस तालिम केन्द्रले बिभिन्नबिषयवस्तुमा आधारित प्राबिधिक तथा अगुवा कृषक स्तरीय तालिम आयोजना गर्ने गरेको छ।यी तालिमहरुलाई प्रभावकारी बनाउन बेला–बेलामा पाठ्यक्रम एवं पाठ्य सामाग्रीहरुको परिमार्जनव्यवस्थापन गर्ने गरीएको छ भने विभिन्न निकायहरुबाट अनुभवी प्रशिक्षकहरुलाई आमन्त्रण गरी प्रशिक्षण कार्य गर्ने गरिएको छ ।तालिम पश्चात तालिमको प्रभावकारीता अध्ययनका लागि अनुगमन तथा मूल्यांकन पनि गरिदैआईरहेको छ ।

## २. भावी सोच

मानवीय विकास मार्फत आर्थिक विकास गर्नका लागि सक्षम जनशक्ति विकास गर्नु एवं व्यवसायिक कृषक तयार गर्नु यस तालिम केन्द्रको भावी सोच रहेको छ ।

## ३. ध्येय

कृषक तथा कृषि प्राविधिकहरुको प्राविधिक तथा संस्थागत विकास सम्बन्धि आवश्यक ज्ञान, सीप अभिवृद्धि गरी उनीहरुको धारणामा सकारात्मक परिवर्तन गरी कृषि प्रणालीलाई व्यवसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गर्न टेवा पुऱ्याउनु यस केन्द्रको ध्येय रहेको छ ।

## ४. उद्देश्यहरु

- कृषि व्यवसाय प्रवर्धनका लागि आवश्यक सहयोग गरी व्यवसायीककृषकहरु तथा कृषि उध्यमीहरु को सँख्यावृद्धी गर्ने ।
- कृषि प्राविधिकहरु तथा कृषकहरुकोव्यवसायीक कृषि तथा उन्नत कृषि प्रविधि सम्बन्धि आवश्यक ज्ञान तथा सीप व्यवहारीक तालिमका माध्यमबाट विकास गर्ने ।


५. नीति तथा रणनीतिहरु

- कृषक तथा विभिन्न तहका कर्मचारीहरुको लागि सरोकारवालाहरुको सहयोगमा तालिम आवश्यकता पहिचान गर्ने ।
- तालिम आवश्यकताका आधारमा तालिम पाठ्यक्रम तर्जुमा गर्ने ।
- समावेशीताका आधारमा सहभागीहरुको छनौट गर्ने कार्य कृषि ज्ञान केन्द्र तथा स्थानीय निकायका कृषि शाखाहरुले गर्ने ।
- तालिमको विषयका आधारमा तालिम स्थल तथा प्रशिक्षकहरुको छनौट गर्ने कार्य यस केन्द्र ले गर्ने र तालिम सचालन गर्ने ।

६. मुख्य कार्यहरु

७. केन्द्रको हालको संगठन संरचना

७ हालको संगठन संरचना




८.कार्यविवरण

८.१ कृषि व्यवसाय प्रवर्द्धन सहयोग शाखा

- प्रदेशस्तरका कृषि उद्यमी तथा व्यवसायीहरुकोरोष्टर तयार तथा अद्यावधिक गर्ने,
- प्रदेश अन्तरगत  कृषि बाली र वस्तुको विकास एवं विस्तारका लागि व्यवसायिक योजना तर्जुमा तथा कार्यान्वयन र कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक व्यवसायिक योजना तयारीमा सहयोग गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक पूर्वाधार तथा सुविधाको पहिचान गरी आवश्यक कार्यक्रम संचालन गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनमा आवश्यक सेवा सुविधा प्राप्तिका लागि सम्बन्धितनिकायहरुसंगसम्बन्ध स्थापित गराइदिने,
- विभिन्न कृषि उद्यम तथा व्यवसाय संचालनका लागि आधारभूत जानकारीहरु प्रदान गर्ने,

- कृषि उद्यम तथा व्यवसाय प्रवर्धन सम्वन्धितनिकायहरुबीच समन्वय कायम गर्ने,
- विदेशवाट फर्केका कृषि व्यवसाय तथा उद्यम गर्न चाहने युवा कृषकहरुलाइ उद्यम तथा व्यवसाय संचालनमा आवश्यक सहजीकरण गर्ने,
- कृषि बजार तथा पूर्वाधार विकासमा सहयोग
- प्रदेशस्तरमा कृषि प्रविधि विस्तार कार्यमा सहयोग गर्ने ।

८.२ कृषि व्यवसाय तालिम शाखा

- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक ज्ञान तथा सिप प्रदान गर्न तालिम आवश्यकता पहिचान गरी सो अनुरुपविशिष्टीकृत ज्ञान, शीप प्रदान गर्न विशिष्ठिकृत तालिम कार्यक्रम संचालन गर्ने ।
- प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई तालिम आवश्यकता पहिचानमा आधारित तालिम संचालन तथा क्षमता विकासका कार्यहरु गर्ने ।
- तोकिएको शुल्क लिइ अन्य निकायवाट माग भइ आए बमोजिम कृषि उद्यम तथा व्यवसाय संचालन एवं प्रर्वद्धनसम्वन्धीतालिमहरुसंचालनको व्यवस्था गर्ने,
- कृषि ज्ञान केन्द्रहरुवाटसंचालितव्यवसायिक योजना कार्यान्वयन तथा शिप विकास सम्वन्धिकार्यहरुको अनुगमन गर्ने तथा निर्देशन दिने ।

८.३ प्रशासन शाखा

८.३.१ लेखा फाँट

- आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने ।
- नियमित रुपमा लेखा परिक्षण गराउने ।
- बेरुजु हुन नदिन तर्फ सतर्क रहने तथा बेरुजु रेकर्ड अद्यावधिक राख्ने र नियमित रुपमावेरुजुफछ्र्यौटसम्बन्धिकार्यहरु गर्ने ।

८.३.२ सामान्य प्रशासन तथा स्टोर फाँट

- कर्मचारी प्रशासन तथा सामान्य प्रशासन सम्बन्धिकामहरु गर्ने ।
- जिन्सी व्यवस्थापन सम्बन्धी सम्पूर्ण कामहरु गर्ने ।
- कार्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा दुरुपयोग हुन नदिन आवश्यक कार्य गर्ने ।
- वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्न योजना अनुगमन शाखालाई सहयोग गर्ने ।
- तालिम केन्द्रमा रहेको खर्च भएर नजाने प्रकृतिका जिन्सी सामानहरुको विवरण अद्यावधिक राख्ने
- अभिलेखीकरण, बैठक, निर्णय लेखन, बैठक व्यवस्थापन
- अन्य शाखाको कार्यविवरणमा नपरेका प्रशासनिक लगायत अन्य सबै कार्य गर्ने
- दर्तारिचलानी साथै सक्कल कागजात सम्बन्धित ठाउँमा पुर्याउने

## ९. जनशक्ति/दरबन्दीबिवरण

| क.सं. | पद | स्वीकृत दरबन्दी | | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| | | प्र. | प्रा. | | | |
| १ | प्रमुख | | १ | १ | ० | |
| २ | वरिष्ठ कृषिप्रसार अधिकृत | | १ | ० | १ | |
| ३ | वरिष्ठ कृषि अर्थविज्ञ | | १ | ० | १ | |
| ४ | कृषि प्रसार अधिकृत | | २ | ० | २ | |
| ५ | प्राविधिक सहायक | | ३ | ३ | ० | |
| ६ | नायव सुब्बा | १ | | १ | ० | |
| ७ | खरिदार | १ | | ० | १ | |
| ८ | लेखापाल | १ | | १ | ० | |
| ९ | हलुका सवारी चालक | २ | | १ | १ | १ जना करारमा |
| १० | कार्यालयसहयोगी | ३ | | १ | २ | २ जना करारमा |
| | जम्मा | ८ | ८ | ८ | ८ | ३जना करारमा दरबन्दीमा |

## १०.कार्यालयको नागरिक बडापत्र

| क.स | प्रदान गरिने सेवा /सुविधाको प्रकार | सेवाग्राही | सेवाग्राहिले पुर्याउनुपर्ने प्रकृया | शुल्क दस्तुर | लाग्ने समय | लाग्ने समय जिम्मेवार शाखा /कर्मचारी | सेवा प्राप्त नभएमा गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १ | कर्मचारी स्तर तालिम | | | | | | |
| क | कर्मचारीका लागि विषयगत तथा क्षमता अभिबृदी तालिम | कृषि सेवाका सातौं,छैठों,पाँचौ ,चौथो तहमा कार्यरत कर्मचारी हरु | जिल्ला स्थित कार्यालयले छनौट गरि सहभागिताको लागि पठाउने | निशुल्क | तालिम को प्रकृतिअनुसार कम्तिमा १ हप्ता देखि १५दिन सम्म | कृषि व्यवसाय तालिम शाखा | प्रमुख |
| २ | कृषक स्तर तालिम | | | | | | |
| क. | अगुवा कृषक | अगुवा कृषक | जिल्ला स्थित | निशुल्क | १-२ हप्ता | कृषि | प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तालिम | | कार्यालयले छनौट गरि सहभागिताको लागि पठाउने | | | व्यवसाय तालिम शाखा | |
| ३. | अन्य संघ /संस्था संग साझेदारीमा तालिम संचालन | सरकारी तथा गैर्ह सरकारी संस्था ,सहकारी समूह | औपचारिक पत्र /सम्पर्क | लागत साझेदारि बमोजिम | तालिम कार्यतालिका बमोजिम | कृषि व्यवसाय तालिम शाखा | प्रमुख |
| ४ | कृषि व्यवसाय प्रबर्द्धन | | | | | | |
| क | खुद्रा विषादी तथा बिउबिजन अनुमति पत्र तालिम | | जिल्ला स्थित कार्यालयले छनौट गरि सहभागिताको लागि पठाउने | निशुल्क | १-२ हप्ता | कृषि व्यवसाय तालिम शाखा | प्रमुख |
| ख | कृषि बजार विकास तथा कृषि व्यवसाय प्रबर्द्धन तथा कृषि उधमी सहयोग | | सम्बन्धित कार्यविधि बमोजिम तोकिएका कागजात सहित आवेदन | रु.१० को टिकट | १ महिना आवेदन समय | कृषि व्यवसाय प्रबर्द्धन सहयोग शाखा | प्रमुख |
| ५ | तालिम परिसर अवलोकन तथा भ्रमण | तालिम केन्द्र परिसर अवलोकन गर्न चाहने इच्छुक सबै | १ हप्ता अगाडी यस केन्द्र मा निवेदनपेश गर्नु पर्ने | निशुल्क | बर्षभरी | प्रशासन शाखा | प्रमुख |
| ६ | तालिम कार्यक्रम योजना ,प्रगती बजेट र नर्मससम्बन्धि जानकारी उपलब्ध गराउने | सम्वन्धित निकाय /कार्यालय | औपचारिक पत्र /सम्पर्क | निशुल्क | तुरुन्त | कृषि व्यवसाय प्रबर्द्धन शाखा | प्रमुख |
| ७ | तालिम संग सम्वन्धित भौतिक सामग्री (छात्रावास) | अवलोकन तथा तालिम मा आउने सहभागी हरुका लागि | औपचारिक पत्र/सम्पर्क | कार्यालयको नियामानुसार | अवस्था हेरेर | प्रशासन /स्टोर/लेखा फाँट | प्रमुख |
| ८ | सुचना तथा जानकारी | | लिखित निवेदन माग | ५ पेज सम्म निशुल्क ,५ पेज पछि प्रति | सुचनाको मागको प्रकृति हेरी | सुचनाअधिकारि मार्फत | प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | पेज रु .५ | बढीमा ७ दिन | | |
| ९ | भुक्तानि | | कामको प्रकृति अनुसार निवेदन,बिलभर्पाइ तथा प्राविधिक मुल्यांकन | निशुल्क | कामको प्रकृति हेरी ३ देखि ७ दिन सम्म | लेखा शाखा | प्रमुख |

११.कार्यालय प्रमुख र सुचना अधिकारीको नाम र सम्पर्क न.

क .कार्यालय प्रमुख

| |
|---|
| नामः यज्ञ राज जोशी |
| पदःप्रमुख (अधिकृतस्तर एघारौं) |
| सम्पर्क नंः९८४१३४१७१८ |
| ख.सूचना अधिकारी |
| नामः सरिता कुमारी पन्त |
| पदः अधिकृत (अधिकृतस्तर छैठौं) |
| सम्पर्क नः ९८४८६७७३३५ |

१२.ऐन नियम र निर्देशिकाको सुची

- कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन ऐन २०७६,नियमावली २०७९
- कृषि उस्मायनपद्दति मार्फत कृषि उधमशिलता विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७
- कार्यसंचालन निर्देशिका २०७५
- कृषि बजार निर्माण संचालन तथा हस्तान्तरण कार्यविधि, २०७७
- कृषि अनुसन्धान, प्रसार र शिक्षा कार्यक्रम निर्देशिका, २०७८

१३.आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धिअधावधिक विवरण

क.राजस्व संकलन सम्बन्धि विवरण

| क्र.सं. | कृषि व्यवसाय प्रबर्द्धन स.त.ता.के. | प्रथम त्रैमासिक राजश्व (रु.) |
|---|---|---|
| १ | सरकारी सम्पतिको वहाल तथा कृषि जन्य बस्तुको बिक्रिबाट प्रास | ७३,७००। |
| | जम्मा | ७३,७००। |

ख .कार्यालय खर्च सम्वन्धि विवरण

| कार्यक्रम/कियाकलापहरु | वार्षिक विनियोजन हजारमा | प्रथम त्रैमासिक पुँजीगत (रु हजारमा) | | | प्रथम त्रैमासिक चालुखर्च(रु. हजारमा) | | | जम्माखर्च (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | निकासा | खर्च रु. | बजेट | निकासा | खर्च रु. | खर्चरु. |
| प्रदेश सरकार तर्फ | ६३२७३ | १६८० | ० | ० | १३२४६ | ३६९७ | ३६९७ | ३६९७ |
| जम्मा | ६३२७३ | १६८० | ० | ० | १३२४६ | ३६९७ | ३६९७ | ३६९७ |

ग प्रथम त्रैमासिक अवधिमा लाभान्वितको विवरण

| कार्यक्रम/आयोजनाको नाम | सहभागीहरुको विवरण | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | लैङ्गिक | | | सामाजिक | | | | युवा सहभागि | |
| | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | | |
| प्लान्ट क्लिनिक मोडौल १ र २ सम्बन्धि तालिम | ६ | १९ | २५ | २ | ५ | 18 | २५ | २५ | |
| कृषि यन्त्र संचालन तथा मर्मत सम्वन्धि तालिम | १ | २४ | २५ | ० | १४ | 11 | २५ | २० | |
| नविनतम कृषि प्रविधि सम्बन्धि तालिम | ८ | १८ | २६ | १ | १ | २४ | २६ | २३ | |
| तनाव व्यवस्थापन तालिम | १२ | ४७ | ५९ | ३ | ७ | ५१ | ६१ | ५५ | |
| कूल जम्मा | २७ | १०८ | १३५ | ६ | २७ | १०४ | १३७ | १२३ | |

१४.कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र सुन्दरपुर को वेभसाइट
http://www.abpstc.sudurpashchim.gov.np


सम्पर्क ठेगाना

इमेल:ratc.sundarpur@gmail.com

वेवसाइटः abpstc.sudurpashchim.gov.np

फोन न.०९९-५९०१७३

फेसबुक पेजःकृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र

वेदकोट न.पा-९, सुन्दरपुर ,कंचनपुर